# म किन ईसाई बनें ?


लेखक

**सुल्तान मुहम्मद पावल**

अनुवाद

**युसुफ यूहन्ना**

सम्पादन

**साबिर साफी**



प्रकाशक

**खुदाको कलाम**

जि.पि.ओ. १६१५, काठमाण्डौं, नेपाल

मो.नं. ९८०८०८३५२०

e-mail :khudakakalam@gmail.com


© सर्वाधिकार प्रकाशकमा सुरक्षित

## विषय सूची


| | |
|---|---|
| परिचय | ३ |
| सुरुको जीवन तथा अध्ययनहरू | ३ |
| ईसाईहरूसँगको पहिलो भेट | ४ |
| थप अध्ययनहरू | ७ |
| ईसाईहरूसँग थप विवादहरू | ८ |
| अरेबियाको यात्रा | १० |
| महत्वपूर्ण विषय | ११ |
| (नजात) मुक्तिको चाहना | १२ |
| निर्णय र घोषणा | २६ |
| सवालहरू | ३० |


### एउटा अनुरोध

यो किताब पढ्दाखेरि पाठकलाई निम्न प्रश्नहरूबारे मनन् गर्न हार्दिक अनुरोध गरिन्छः

१. मानवजातिले पूरा गर्नुपर्ने (रूहानी) आत्मिक मागहरू केके हुन् ?

२. कुन धर्मले यी (रूहानी) आत्मिक मागहरू पूरा गरिदिन सक्दछ ?

३. पवित्र बाइबल (किताब-ए-मुकद्दस) पढ्ने उचित तरिका के हो ?

# परिचय

आधुनिक मानिसले परिवार, समाज र राष्ट्रिय उत्कृष्टता सम्बन्धी गलत अवधारणाहरूको बोझले लादिएर सुस्केरा हाल्दछ। सबै किसिमका व्यक्तिहरू र समाजका सबै तहहरूमा सजिलै देख्न सकिने यी गलत अवधारणाहरू स्वार्थीपनाबाट उत्पन्न हुन्छन् जसलाई धार्मिक भाषामा मानिसको भ्रष्टता भनिन्छ। यो आन्तरिक भ्रष्टताको जरा विशेष गरी मानव हृदयमा गाडिएको हुन्छ र त्यसले आफूलाई सारा समाजको कल्याणको विरुद्धमा प्रकट गर्दछ। थपरूपमा, त्यसले आफूलाई (पवित्र) पाक र जीवित खुदाको विरुद्ध गरिने विद्रोहमा प्रकट गर्दछ। (पाप) गुनाहका विषालु असरहरूले मानिसको हृदयलाई यति भ्रष्ट पारेका छन् कि त्यसको खराबीको ज्ञान हुँदाहुँदै पनि तिनीहरूले त्यसमा आनन्द मनाउँछन् र तिनीहरू त्यसमा लिप्त हुन्छन्। गुनाहको यही आधारभूत समस्या र त्यसको दोष तथा बन्धनबाट स्वतन्त्र हुने खोजीलाई नै सुल्तान मुहम्मद पावलले प्रष्ट पार्नुभएको छ।

कतिपय मानिसहरूले (पाप) गुनाहको समस्या र (मुक्ति) नजातको बाटोलाई बेवास्ता गर्न नै चाहलान्। तिनीहरू आफ्ना हृदयको अवस्था आफैबाट र अरूबाट पनि लुकाउन चाहन्छन्, यद्यपि हृदयका गुप्त कुराहरू खुदाको नजरमा खुलै हुन्छन् भनी तिनीहरू राम्रोसँग जान्दछन्। यस्ता व्यक्तिहरूका लागि, यो कथा थोरैमात्र सान्दर्भिक हुनेछ। तैपनि, अन्य मानिसहरूले भने आफ्ना र आफ्ना सङ्गी जनहरूका जीवनमा (पाप) गुनाह तथा (मुक्ति) नजातको विषयमा अति वास्ता गर्दछन्। तिनीहरूको निम्ति यो किताबले सुल्तान मुहम्मद पावलका अनुभवहरूको प्रकाशमा तिनीहरूका आफ्नै अनुभवहरूलाई जाँच्न सहायता गर्नेछ। यो किताबका विषयवस्तुमा ध्यान दिने सबैलाई यो चाहिँ जीवित खुदाको मार्गदर्शन र (आशिष्) बरकतको श्रोत साबित होओस्।

## सुरुको जीवन तथा अध्ययनहरू

मेरो जन्मभूमि अफगानिस्तान हो। मेरा बुबा लोगार भन्ने ठाउँका बासिन्दा हुनुहुन्थ्यो जुन ठाँउ काबुल सहरदेखि लगभग ८० किमी दक्षिणमा पर्दथ्यो।

मेरा बुबा पयन्दा खान अफगान सेनामा कर्णेल हुनुहुन्थ्यो र उहाँले बहादुर खान उपनाम पाउनुभएको थियो। उहाँ देशभरि कर्णेल बहादुर खानको नामले चिनिनुहुन्थ्यो। मेरा बुबाका दुई पत्नीहरू थिए। पहिलो पत्नी उहाँकै नजिकका नातेदारमध्येकी थिइन्। उनले उहाँबाट तीन छोरीहरू जन्माइन्, तर छोरा भने जन्माइनन्। वंश नासिन्छ कि भनेर उहाँले अफगानिस्तानको सबैभन्दा उच्च खानदानी परिवारहरूमध्ये एक गनिने सयिद महमुद अक्वाकी छोरीलाई विवाह गर्नुभयो। मेरो भाइ ताज मुहम्मद खान र म यही विवाहबाट जन्मियौं। म सन् १८८१ मा जन्मिएको थिएँ।

रुसबाट शासक अब्दुर रहमान खान काबुलको सत्तामा आए लगत्तै तिनले देशका ठूला मानिसहरूमध्ये ६ जनालाई पक्रे र तिनीहरूलाई कुनै गुप्त स्थानमा लगे। पछि, तिनीहरूको हत्या गरियो। तिनमा मेरा बुबा पनि पर्नुभयो। त्यसपछि मेरो परिवारमा दोश्रो विपत्ति आइपऱ्यो। राजनैतिक कारणहरूले गर्दा मेरा दुईजना मामाहरू पक्राउ पर्नुभयो र उहाँहरूलाई काबुलका केन्द्रिय जेलमा पठाइयो र पछि भारत धपाइयो। त्यसको लगत्तै मेरा तेस्रो मामा शासकबाट अनुमति लिएर आफ्नी आमा र नोकरहरूका साथ भारत आउनुभयो, तर मेरा बाँकी नजिकका नातेदारहरू भने काबुलमै बस्नुभयो। भारत आएर उहाँहरू हसन अब्दल भन्ने ठाँउमा बसोवास गर्नुभयो।

थप राजनैतिक कठिनाइहरूका कारण हाम्रो सारा परिवार नै हसन अब्दल भन्ने ठाउँमा सऱ्यो। त्यसको धेरै महिनापछि मेरी आमा बित्नुभयो। अन्ततः मेरो परिवार र शासक अब्दुर रहमान खानबीच पुनर्मिलाप भएपछि म र मेरा तीनजना मामाहरू बाहेक मेरो सारा परिवार हाम्रो जन्मभूमि फर्कियौं।

पछि, म दिल्ली गएँ र अरबी भाषाको अध्ययनमा पोख्त हुनको लागि **"मदरसा-ए-फतेहपुरी"** नामक ईस्लामिक विद्यालयमा भर्ना भएँ। त्यति बेला प्रमुख मौलवी (शिक्षक) मौलाना अब्दुल जलिल हुनुहुन्थ्यो जो नौशेरा जिल्लाका विशुद्ध अफगानी पठान हुनुहुन्थ्यो (पठानहरू अफगानिस्तानको मुख्य जातीय समूह हुन्)। दोस्रो मौलवी चाहिँ कान्दाहारका फतेह महम्मद

खान हुनुहुन्थ्यो । यी दुई महोदयहरूको विशेष कृपाको कारण मैले चाँडै नै तर्क सम्बन्धी अध्ययन पूरा गरेँ र त्यसपछि म ईस्लामिक (रिवाज) परम्पराहरू र हदिसहरूको अध्ययनतिर लागेँ । दिउँसोमा मैले साथीहरूसँग अध्ययन गरेँ । साँझमा मैले मौलना अब्दुल जलिलबाट विशेष शिक्षा पाएँ । यसरी खुदाको अनुग्रहले मैले यी विषयहरूमा विशेषज्ञता हासिल गरेँ ।

## ईसाईहरूसँगको पहिलो भेट

एक दिन, म केही साथीहरूसँग चाँदनी चोक (दिल्लीको मुख्य सडक) गइरहँदा हाम्रो मदरासा नजिकै एउटा ठूलो भीड जम्मा भएको हामीले देख्यौं । त्यहाँ पुग्दा त एकजना ईसाई प्रचारक र हाम्रै एकजना मुस्लिम सङ्गी विद्यार्थीबीच त्रिएकताको सिद्धान्तबारे वादविवाद भइरहेको हामीले देख्यौं । ती ईसाईले कुरआनको यो पदमा उक्त सिद्धान्तको प्रमाण पाएका रहेछन्:

"र हामी त्यसको गर्धनको नशाभन्दा पनि निकट रहेका छौं ।" (सूरह क़ाफ़ ५०:१६)

«وَنَحْنُ أَقْرَبُ إِلَيْهِ مِنْ حَبْلِ الْوَرِيدِ»

(ق ٥٠: ١٦)

तिनका अनुसार यहाँ प्रथम व्यक्तिवाचक बहुवचन (नह्नु, نَحْنُ हामी) चलाइएको छ र खुदाको एकता पूर्ण भएको भए प्रथम व्यक्तिवाचक एकवचन (आना, म) चलाइनेथियो । ती विद्यार्थीले दिइरहेका जवाफ सान्दर्भिक नभएको हुनाले, मेरा साथीहरूले ती प्रचारकको तर्कको जवाफ दिन मलाई हौस्याए । त्यसैकारण, मैले अगाडि बढेर भनेँ कि अरबी भाषाको अभिव्यक्ति अनुसार उक्त प्रथम व्यक्तिवाचक बहुवचन सर्वनामलाई बहुवचनको अर्थमा होइन तर आदरको अर्थमा चलाइएको हो ।

त्यही नै मैले कुनै ईसाईसँग वादविवाद गरेको पहिलो मौका थियो । त्यही दिनमा नै ईसाईहरूसँग वादविवाद गर्ने ठूलो उत्सुकता मभित्र जन्मियो जुन उत्सुकता मेरो ईस्लाम धर्म र कुरआनप्रतिको जोसमा गहिरोसँग जरा

गाडिएको थियो । फलस्वरूप, मेरो तागतले भ्याएसम्म मैले ईसाईमतको खण्डन गरेर लेखिएका चर्चित किताबहरू सङ्कलन गर्न थालें । मैले धेरैवटा किताबहरू ध्यानपूर्वक अध्ययन गरेँ र निश्चित दिनहरूमा म ईसाई प्रचारकहरूसँग छलफल गर्नको लागि उक्त स्थानमा जान थालें ।

एक दिन, ती प्रचारकहरूसँग आउने एकजना अंग्रेजले मलाई आफ्नो परिचयपत्र दिए र आफ्नो घरमा निम्त्याए । तिनी दयालु थिए र मैले साथमा साथीहरूलाई पनि ल्याउन सक्छ भनी तिनले भने । फलस्वरूप, दुई तीनजना साथीहरूसँग म तिनको घरमा गएँ । चिया पिउँदै गर्दा हामीले धर्मका विषयहरूबारे एउटा रोचक छलफल सुरु गऱ्यौं । तिनले मतिर फर्किएर सोधे, 'के तपाईंले बाइबल पढ्नुभएको छ ?' मैले भनें, 'मैले किन बाइबल पढ्नुपर्ने ? तपाईंहरूले वर्षैपिच्छे परिवर्तन गर्नुहुने यस्तो किताब कसले पढ्ला र ?' मेरो जवाफ सुनेपछि ती अंग्रेजको अनुहार मायालाग्दो भयो र फिका मुस्कान छर्दै तिनले भने: 'के तपाईं सबै ईसाईहरूलाई बेइमान ठान्नुहुन्छ ? हामीले खुदाको यति थोरै डर मान्दछौं कि पवित्रशास्त्रहरू परिवर्तन गरेर हामी संसारलाई धोका दिइरहन चाहन्छौं भन्ने के तपाईं ठान्नुहुन्छ ? ईसाईहरूले तौरात र इन्जीलको खण्ड परिवर्तन गरिरहन्छन् भनी मुस्लिमहरूले भन्दाखेरि सबै ईसाईहरू बेइमान हुन्छन् र मानिसहरूलाई धोका दिन्छन् भन्ने आशय तिनीहरूको हुन्छ । यो त गम्भीर झूटो आरोप हो । ईसाईहरूले (पवित्र) पाक बाइबल खुदाको कलाम हो भनी ईमान राख्दछन्, जसरी मुस्लिमहरूले कुरआनमा ईमान ल्याउदछन् । त्यसैले कुनै मुस्लिमले कुरआनको खण्ड परिवर्तन गर्न सक्दैन भने कसरी एक ईसाईले सर्वज्ञानी खुदाको किताब अर्थात् (पाक) पवित्र बाइबलको खण्ड परिवर्तन गर्न सक्दछ र ? कुनै बदमास मुस्लिम कुरआनको कुनै पदको खण्ड परिवर्तन गर्ने गरी अति मूर्ख बन्यो भने के सबै मुस्लिमहरूले उसलाई गैर-मुस्लिम गन्दैनन् र ऊसको बारेका सत्यताहरू बाहिर ल्याउँदैनन् र ? त्यसरी नै, कुनै बदमास ईसाईले (किताब-ए-मुकद्दस) पवित्रशास्त्रको कुनै पदको खण्ड परिवर्तन गरेमा के अरू सबै सच्चा ईसाईहरूले उसलाई गैर-ईसाई ठानेर ऊसको बारेका सत्यताहरू सार्वजनिक गर्दैनन् र ? अवश्य पनि गर्दछन् ! यसबाट तपाईं बुझ्न सक्नुहुन्छ कि खुदाको कलामको खण्ड

परिवर्तन गरिएको छ भन्ने मुस्लिमहरूको तर्क पूर्णतया गलत र व्यर्थ छ। यो तर्क त ती मुस्लिमहरूले गर्दछन् भनी म विश्वास गर्दछु जो साधारणतया बाइबलको र ईसाईहरूको ईमान तथा सिद्धान्तहरूको बारेमा अति अनभिज्ञ हुन्छन् ।'

यति भनिसके पछि ती अंग्रेजले मलाई दुईवटा बाइबल दिए, एउटा फारसी भाषामा र अर्को अरबी भाषामा । अनि तिनले मलाई ती पढ्न आग्रह गरे । हामी तिनलाई धन्यवाद दिएर फर्कियौं । ती मानिसले भनेका कुराप्रत्ति मैले कत्ति पनि ध्यान दिइनँ । बाइबल पढ्नुको मेरो उद्देश्य भनेको त्यसमा रहेका गल्तीहरू फेला पार्नु, त्यसबाट इस्लामको सत्यतालाई प्रमाणित गर्नु र वादविवादमा ईसाईहरूलाई हराउनु नै थियो । मैले बाइबललाई सुरुदेखि अन्त्यसम्म पढिनँ, तर मुस्लिम तर्कशास्त्रीहरूले आफ्ना लेखहरूमा उद्धृत गरेका खण्डहरूमात्र पढें । दिल्लीमा बसुन्जेल मैले ईसाईहरूसँग वादविवाद गरि नै रहें ।

## थप अध्ययनहरू

त्यसपछि मैले मुम्बाई जाने निर्णय गरें । त्यहाँ मैले मौलवी हिदायत उल्लाहसँग भेट्ने सौभाग्य पाएँ जो त्यस क्षेत्रमा अधिकारी र शिक्षित व्यक्तिको रूपमा अति आदरणीय मानिस हुनुहुन्थ्यो । उहाँको घर काबुलमा थियो र उहाँ मेरो परिवारसँग राम्रोसँग परिचित हुनुहुन्थ्यो । मुम्बाईमा हाम्रो परिचय भएवित्तिकै उहाँले मलाई शिक्षा (तालिम) दिने प्रतिज्ञा खुसीसाथ गर्नुभयो । मेरो नियमित अध्ययन लगभग पूरा भएको उहाँले ठान्नुभयो र उहाँले मलाई साहित्यको अध्ययनमा धेरै ध्यान दिन सल्लाह दिनुभयो । उहाँको विशाल पुस्तकालय प्रयोग गर्ने अनुमति पनि उहाँले मलाई दिनुभयो । यसरी, मैले उहाँको विद्यार्थी भएर अध्ययन सुरु गरें । ती मौलवीले आफ्नो अधिकांश जीवन इस्तानबुल, मिस्र र अरेबियामा बिताएका थिए । अनि उहाँ ईस्लामिक साहित्यिक विद्वान् हुनुहुन्थ्यो । उहाँले हामी दुवैको मातृभाषा फारसीमा सिकाउनुहुन्थ्यो र यसले मेरो ईस्लाम धर्म शिक्षामा धेरै सहायता पुऱ्यायो ।

त्यस अवधिमा, अर्को निपुण विद्वान्, तर्क र दर्शनशास्त्रका विशेषज्ञ मिस्रबाट आउनुभयो र उहाँ **'मदरासा-ए-जकरियामा'** प्राध्यापकको रूपमा नियुक्त हुनुभयो। उहाँ अफगानिस्तानको जलालावाद जिल्लाका मौलवी अब्दुल आहद हुनुहुन्थ्यो। उहाँको ख्याति थाहा पाएर म त्यस मदरासामा प्रवेश गरेँ र तर्क तथा दर्शनशास्त्र सम्बन्धी विशेष किताबहरू अध्ययन गर्न थालेँ। ती मौलवीले मसँग छोराजस्तै व्यवहार गर्नुभयो र उहाँको कोठाकै छेउमा एउटा कोठा मलाई दिनुभयो ताकि मैले कुनै पनि समयमा उहाँसँग मद्दत माग्न सकूँ।

## ईसाईहरूसँग थप विवादहरू :

त्यही क्रममा एक दिन मेरा सङ्गी विद्यार्थीहरूमध्ये केही र म धोवी घाट, मुम्बइको एउटा इलाकामा पुग्यौं। त्यहाँ केही ईसाई प्रचारकहरूले मानिसहरूसँग कुरा गरिरहेका हामीले भेट्टायौं। तुरुन्तै, मैले दिल्लीको पुरानो अनुभव सम्झिएँ र मेरो पुरानो दुश्मनी जाग्यो। म ती प्रचारकहरूतिर जानै लाग्दा एकजना साथीले यसो भन्दै मलाई रोके: मौलवी साहेब, यी मानिसहरूको वास्ता नगर्नुहोस्। ती विचराहरूलाई न छलफल गर्ने तरिका थाहा छ न त तिनीहरू वादविवादका नियमहरूसँग परिचित नै छन्। तिनीहरूले यो काम गरेवापत तलब पाउँछन् र तिनीहरूले आफ्नो जागिर पकाइरहेका मात्र छन्, त्यसैले तिनीहरूसँग वादविवाद गर्नु बेकार छ। म यी मानिसहरूको बारेमा सबै कुरा जान्दछु भनेर मैले यसरी जवाफ दिएँ, "तिनीहरूलाई वादविवादको कला र नियमहरू थाहा नहोला, तर मानिसहरूलाई छक्याउने तरिका भने तिनीहरू अवश्य जान्दछन्। तिनीहरूको षड्यन्त्र र धोकेबाजी कुराहरूबाट सोझा मुस्लिम भाइहरूलाई बचाउनु हरेक साँचो मुस्लिमको कर्त्तव्य हो।" म अगाडि बढेँ र तिनीहरूले भनेका कुराहरूप्रति धेरै नै प्रश्नहरू उठाउन थालेँ। तिनीहरूले पनि मेरा विरोधहरूको ठाडो जवाफ दिए।

समयको अभावले गर्दा अन्तमा उक्त छलफल छोटो पारियो। हाम्रो वादविवादको खबर छिट्टै नै हाम्रो मदरासाका विद्यार्थीहरूमाझ फैलियो। तिनीहरू पनि वादविवादमा सहभागी हुने जोशले भरिए। त्यसरी ईसाईहरूसँग

वादविवाद गर्नको लागि हामी नियमितरूपमा, हप्ताको दुईपटक गयौं। अन्त्यमा, दुईजना प्रचारकहरूले श्री युसुफ बिहारी लाल मार्फत् हामीलाई आफ्नो घरमा बोलाए। ती बिहारी लालचाहिँ तिनीहरूका प्रमुख प्रवक्ता थिए। हामी त्यहाँ हुँदा धोबी घाटचाहिँ हामी सजिलै जान नसक्ने गरी टाढा छ भनी तिनीहरूले भने। त्यसैले तिनीहरूले हाम्रै मदरासाको नजिकै एउटा केन्द्र खोल्ने प्रस्ताव राखे जहाँ हामीले धोको पुग्ने गरी हप्ताको एकपटक हाम्रा अनुसन्धानहरू जारी राख्न र ईसाई मतसम्बन्धी सत्यता पत्ता लगाउने चाहना मेटाउन सक्दथ्यौं। मैले आभारी हुँदै यो प्रस्तावलाई (स्वीकार) कबुल गरेँ। उक्त केन्द्र खोलिएपछि तोकिएको समयमा हामीले तिनीहरूलाई त्यहाँ भेट्यौं।

उक्त मदरासाका विद्यार्थीहरू र मेरा अन्य साथीहरूलाई ईसाई धर्मको विषयमा केही पनि थाहा नभएको र तिनीहिरू वादविवाद गर्नमा अनुभवी नभएका कुरा बुझेपछि मैले मौलवी अब्बास खान साहेबको सल्लाहअनुसार अर्को घर भाडामा लिएँ। त्यहाँ हामीले सम्पूर्ण गैर-इस्लामिक धर्महरू, त्यसमा पनि विशेष गरी ईसाईमतविरुद्ध वादविवाद गर्नेहरू तयार पार्ने लक्ष्यका साथ नदवातुल मुताकालिमिन भन्ने समाज गठन गऱ्यौं।

म सदैव वादविवादमै लागिपरेको र जीवनमा मसँग अरू कुनै चाहना नभएको देखेर मेरा शिक्षक एक दिन साँझको नमाज पश्चात् मेरो कोठामा आउनुभयो। त्यति बेला म ईन्जीलको किताब पढिरहेको थिएँ। मैले के पढ्दै थिएँ भनी उहाँले मलाई सोध्नुभयो। मैले उहाँलाई बताएँ र उहाँले रिसाएर जवाफ दिनुभयो, "तिमी ईसाई बन्छौ कि भन्ने मलाई डर छ।" उहाँको जवाफ सुनेर म अति चिढिएँ र अनादरपूर्ण देखिन नचाहे तापनि मैले यसो नभनी सक्दै सकिनँ: "म किन ईसाई बन्नुपर्ने ? इन्जील पढ्दैमा ईसाई भइन्छ र ? ईसाईमतको जरा र हाँगा नाश पार्नको निम्ति पो म यो पढ्दैछु। ममा गल्ती देखाउनुभन्दा पनि यो विषयमा तपाईंले मलाई उत्साह पो दिनुपर्दछ त।" उहाँले जवाफ दिनुभयो: "मैले त्यसो भनेँ किनभने इन्जील पढ्नेहरू ईसाई बन्दछन् भन्ने मैले सुनेको छु। कुनै कविले यसो भनेका तिमीले सुनेका छैनौ: इन्जील पढेपछि ईमानवाला मुस्लिमको हृदय इस्लामदेखि

तर्किजान्छ ?" यो भनाई सरासर गलत छ, मैले जवाफ दिएँ । मलाई थप सल्लाह दिएपछि ती मौलवी आफ्नो कोठामा फर्किजानुभयो ।

## अरेबियाको यात्रा

मक्कामा हज गर्ने चाहनाले अचानक लठि्ठनुभन्दा अगाडि यो रोचक धार्मिक विवाद केही वर्षसम्म जारी रह्यो । तुरुन्तै, मैले आवश्यक चाँजो मिलाएँ, जेद्दा जानको लागि **शाह-ए-नूर** नामक जहाजमा चढेँ र त्यसपछि मक्का गएँ । मक्काबाट कश्फुल हाक्किकका सम्पादक मौलवी हसमुद दीनलाई पत्राचार गरेँ । हज गर्ने दिनमा मैले हज यात्रीको पोशाक लगाएँ र अराफात डाँडातिर लागेँ । त्यो दिनमा मैले एउटा आश्चर्यजनक दृश्य देखेँः धनी र गरिब, ठूला र साना, सबैले उस्तै सेतो लुगा लगाएका थिए । सबै मरेकाहरू आफ्ना कात्रो पहिरेर आ-आफ्नो लेखा दिनको लागि (चिहान) कब्रबाट निस्किआएका जस्तो देखियो । त्यो दृश्यले मेरा आँखामा आँसु ल्याइदियो । तर त्यति नै बेला ममा एउटा विचार आयोः यदि इस्लाम साँचो धर्म होइन भने (न्याय) कयामतको दिनमा मेरो अवस्था कस्तो होला ? त्यहीँ र तत्कालै मैले खुदासित दुवा गरेँः "हे खुदा, मलाई साँचो धर्म र तपाईंको साँचो बाटो देखाइदिनुहोस् । यदि इस्लाम नै साँचो धर्म हो भने मलाई यसमा अटल राख्नुहोस् र इस्लामका विरोधीहरूलाई चूप लगाउने (अनुग्रह) फज्ल मलाई दिनुहोस् । यदि ईसाईमत नै साँचो धर्म हो भने यसको सत्यता मलाई प्रकट गरिदिनुहोस् । आमिन् ।"

मदिनाको छोटो भ्रमणपछि म मुम्बइ फर्किएँ । म नहुँदाखेरि नदवातुल मुताकालिमिन तितरबितर भयो । फर्किएलगत्तै मैले त्यसको स्थानमा अर्को समाज गठन गरेँ । म आफै यो समाजको अध्यक्ष बनेँ र अब्दुर रौफ त्यसका सचिव बन्नुभयो । मुम्बाईको ग्रान्ट भन्ने सडक नजिक रहेको तिनको घरमा हाम्रो सङ्गठनले सभाहरू गर्दथ्यो । हरेक हप्ता हामीलाई सम्बोधन गर्न कुनै गैर-मुस्लिमलाई निम्तो दिनु हाम्रो चलन नै थियो र हामीमध्ये एकजनाले हाम्रा पाहुनाको तर्कको जवाफ दिन्थ्यो । ईसाईहरूको तर्फबाट बोल्नको लागि मुन्शी मंसुर मसीह नियमित रूपमा आउनुहुन्थ्यो । आर्य समाज (हिन्दु धार्मिक सङ्गठन) को तर्फबाट बोल्नको लागि अन्य व्यक्तिहरू आउनुहुन्थ्यो ।

## महत्वपूर्ण विषय

एक दिन, मुन्शी मंसुर मसीहले इस्लाममा (मुक्ति) नजात छदै छैन भनी अत्यन्त विश्वस्त प्रकारले सम्बोधन गर्नुभयो। हाम्रो ईस्लामिक समाजका सदस्यहरूले तिनको जवाफ दिन मलाई अनुरोध गरे। मेरो क्षमताले भ्याएसम्म मैले इस्लाममा सिद्ध र निश्चित (मुक्ति) नजात छ भनी प्रमाणित गर्ने प्रयास गरेँ। श्रोताहरूले मेरो भनाइको प्रशंसा गरे, तैपनि मेरो अन्तस्करणमा मेरो जवाफले मलाई नै चित्त बुझाएको थिएन भनी म राम्रोसँग जान्दथेँ। वास्तवमा मैले बोल्दाखेरि मेरो अवस्थाको कमजोरी कबुल गर्न म बाध्य भएँ। मैले मेरा विपक्षीले भन्दा धेरै हल्ला गरे तापनि तिनको आवाज एउटा अवर्णनीय शक्तिका साथ मेरा प्राणमा गुन्जिरहेको थियो।

राती लगभग ११ बजेतिर यो छलफल टुङ्गियो। म घर फर्किएँ र बसेर मुन्शी मंसुर मसीहले भनेका कुराको बारेमा ध्यानपूर्वक सोच्न थालेँ। मैले जति बढी सोचेँ, (मुक्ति) नजात नै धर्मको मुख्य स्वास र त्यसको अत्यावश्यक जग हो भन्ने कुरा मलाई त्यति नै बढी प्रष्ट बन्यो। त्यसबिना धर्म त धर्म नै हुँदैन। अझ भन्नुपर्दा, मानिस त स्वार्थी, बेईमानी र गुनाहको पोको नै हो भनी मैले थाहा पाएँ। उसको जीवन गुनाहको दागदेखि पूर्णरूपमा (मुक्त) नजात हुने गरी अति शुद्ध कहिल्यै पनि रहन सक्दैन। गुनाह त मानिसको दोस्रो स्वभाव नै बनेको छ। गल्ती गर्नु त मानबीय स्वभाव नै हो भन्ने भनाइ साँचो नै हो। महत्वपूर्ण प्रश्न यो हो: जवाफदेहिता र सजायदेखि कसरी उम्कन सकिएला र ? हामीले कसरी नजात (उद्धार) पाऔंला ? यो विषयलाई ईमानदारितापूर्वक र पूर्वाग्रह बिना अनुसन्धान गर्नु मेरो कर्त्तव्य नै बन्यो। (नजात) मुक्ति वास्तवमा इस्लामद्वारा नै पाउनुपर्दछ भनी मैले भेट्टाएको भए मैले खुदालाई धन्यवाद दिनेथिएँ। मेरा आँखा कति चम्किला र मेरो हृदय कति खुसी हुन्थ्यो होला ! तर इस्लामले यस्तो निश्चयता नदिएकोले (मुक्ति) नजातको सन्तोषजनक योजना प्रस्तुत गर्ने धर्म खोज्न म बाध्य हुनेथिएँ। म यो निर्णयमा आइपुग्दा मैले खुदाको सामु घुँडा टेकेर दुवा गरेँ र बेस्सरी रोएँ। अनि पहिला पढे जस्तै गरी मैले त्यसपछि बाइबल पढ्ने छैन भनी मैले (प्रतिज्ञा) वादा गरेँ। म एक दयनीय (पापी) गुनाहगारले बाईबलमा (मुक्ति) नजातको बाटो भेट्टाउन सकूँ भनेर मैले त्यो पढ्न थाले।

## (नजात) मुक्तिको खोजी

त्यस दिनदेखि मैले आफ्नो व्यवहार परिवर्तन गरेँ र सत्यता खोज्ने साँचो व्यक्तिको रूपमा बाइबल पढ्न र त्यसलाई कुरआनसँग तुलना गर्न थालेँ। मनमा थप शान्ति पाउनको निम्ति, मैले एकजना फारसी साथीबाट फारसी धर्मको ग्रन्थ अभेष्टा किताब सापट लिएँ र हिन्दु धर्म सम्वन्धी ग्रन्थ सत्यताको प्रकाश भन्ने एउटा किताब किनेँ। त्यसपछि मैले यी सबै किताबहरू तुलना गर्न थालेँ। अभेष्टालाई ध्यानपूर्वक पढेपछि र फारसी विद्वान्‌हरूसँग कुरा गरेपछि म (मुक्ति) नजातको बाटोको विषयमा अझ बढी निराश बनेँ, किनकि यो धर्ममा (मुक्ति) नजातको कुनै यथोचित विधि प्रस्तुत गरिएको छैन।

त्यसपछि म स्वामी दयानन्द सरस्वतीद्वारा लिखित सत्यताको प्रकाश भन्ने किताब अध्ययनमा लागेँ जसलाई हिन्दु आर्य समाजका सिद्धान्तहरू प्रस्तुत गर्ने सबैभन्दा आधिकारिक किताब मान्न सकिन्छ। मैले खोजिरहेको कुरा त्यसमा पाउन सकूँ भन्ने खातिर मैले त्यो पढेँ। तर मैले त अनौठा सिद्धान्तहरू पो भेट्टाएँ जसले मलाई सिरिङ चलायो। खुदाले गुनाहहरू क्षमा गर्न सक्नुहुन्न भनी मैले त्यसबाट सिकेँ। त्यो देखेर म छक्क परेँ र (मुक्ति) नजात पाउने आशामा हिन्दु आर्य समाजमा आवद्ध हुनुचाहिँ पूर्णतया बेकार छ भन्ने निष्कर्ष मैले निकालेँ। हिन्दु आर्य समाजका अनुसार, खुदाले मानिसका गुनाहहरू क्षमा गर्न सक्नुहुन्न चाहे ती गुनाहहरू ऊ हिन्दु आर्य समाजवादी हुनुभन्दा पहिला गरिएका होऊन् वा पछि। त्यसैले सजायदेखि उम्कन सकिँदै सकिँदैन।

थपरूपमा भन्नुपर्दा, हिन्दु आर्य समाजले नजात अनन्त हो भनी मान्दैन भन्ने कुरा मैले पत्ता लगाएँ। आर्य समाजमा (मुक्ति) नजात पाइँदैन र कुनै न कुनै तरिकाले नजात पाइहालिए तापनि त्यो अनन्त हुँदैन भन्ने कुरा मलाई प्रष्ट भयो। फलस्वरूप, नजात अस्थायी भएको हुनाले, कुनै पनि समयमा थप खुसी मिल्दैन भन्ने डर रहिरहँदैन र ? म यहाँ नेर पुगेपछि र म जस्तो (पापी) गुनाहगारलाई यस हिन्दु धर्ममा नजात पाइँदैन भन्ने बुझेपछि मैले सत्यताको प्रकाश किताब अध्ययन गर्न छोडेँ।

अब मेरो सामु रहेको सबैभन्दा गहन कामचाहिँ कुरआन र सबैभन्दा विश्वसनीय हदीसलाई जाँच गर्नु थियो । यी किताबहरूमा नजातको सिद्धान्त खोज्न सुरु गर्नुभन्दा पहिला मैले खुदातिर हात उठाएर (प्रार्थना) दुवा गरेँः हे खुदा, म जन्मैदेखि मुस्लिम हुँ र पुस्तौंसम्म मेरा पुर्वजहरू जन्मजात मुस्लिम थिए र यही धर्ममै मरे भन्ने तपाईं जान्नुहुन्छ । म पनि यसैमा हुर्किएँ र शिक्षा–दिक्षा लिएँ । त्यसकारण तपाईंको साँचो बाटो पत्ता लगाउनदेखि मलाई रोक्ने हरेक बाधा हटाइदिनुहोस् र तपाईंको नजातको बाटो मलाई देखाउनुहोस्, ताकि यो क्षणिक संसार छोड्दाखेरि म तपाईंको निम्ति घृणित नहोऊँ । आमिन् ।

कुरआनको अध्ययन गरेर मैले पत्ता लगाएको कुराचाहिँ मैले पहिला नै जानेको कुरा थियोः मुक्ति पाउने कुरा त असल कामहरू गर्नुमाथि निर्भर हुन्छ । यो सिद्धान्तलाई घोषणा गर्ने धेरैवटा पदहरू मैले भेट्टाएँ, तर यहाँ म तीमध्ये दुईवटा मात्र उद्धृत गर्नेछुः

जसले ईमान ल्याए र सत्र्कम गरे उनीहरूलाई उनीहरूले गर्ने गरेका कार्यहरूको बदलामा आतिथ्यस्वरूप सदासर्वदा रहने बगैंचाहरू प्राप्त हुनेछन् । र अवज्ञाकारीहरूको वासस्थान नरक हुनेछ । जब-जब तिनीहरू त्यहाँबाट निस्कन चाहनेछन् तिनीहरूलाई पुनः त्यसैभित्र फर्काइनेछ र तिनीहरूलाई भनिनेछ – "त्यस नरकको यातना भोग जसलाई तिमीहरू झूठो ठान्दथ्यौ ।" (सूरह अस्-सज्दह् ३२:१९-२०)

«أَمَّا ٱلَّذِينَ آمَنُوا وَعَمِلُوا ٱلصَّالِحَاتِ فَلَهُمْ
جَنَّاتُ ٱلْمَأْوَى نُزُلاً بِمَا كَانُوا يَعْمَلُونَ وَأَمَّا
ٱلَّذِينَ فَسَقُوا فَمَأْوَاهُمُ ٱلنَّارُ كُلَّمَا أَرَادُوا أَنْ
يَخْرُجُوا مِنْهَا أُعِيدُوا فِيهَا وَقِيلَ لَهُمْ ذُوقُوا
عَذَابَ ٱلنَّارِ ٱلَّذِي كُنْتُمْ بِهِ تُكَذِّبُونَ»

(السجدة ٣٢: ١٩-٢٠)

"अनि, जसले कणभर पनि सत्कर्म गरेको हुन्छ उसले त्यसलाई देख्नेछ । र जसले कणभर पनि दुष्टकर्म गरेको हुन्छ उसले त्यसलाई देख्नेछ ।" (सूरह अज्-ज़िल्ज़ाल ९९ :७-८)

«فَمَنْ يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْراً يَرَهُ وَمَنْ يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَراً يَرَهُ»

(الزلزال ٩٩: ٧-٨)

पहिलो झलकमै यी (आयत) पदहरू अत्यन्त सुन्दर र शान्तिदायी थिए, तर मेरो मनमा तिनले एउटा प्रश्न उब्जाए: हामीले खराबी होइन तर असल मात्र गर्नु सम्भव हुन्छ र ? के मानिसमा यस्तो शक्ति हुन्छ ? यसलाई ध्यानपूर्वक सोचविचार गर्दा र साथसाथै मानिसका क्षमताहरू र चाहनाहरूलाई विचार गर्दा मानिस बेगुनाह अर्थात पापरहित रहनु असम्भव हुन्छ भन्ने कुरा मलाई प्रष्ट भयो । निरन्तर असलै मात्र गर्ने शक्ति मानिसमा हुँदैन ।

अरेबियाका नैतिक दर्शनशास्त्रीहरूले दाबी गरेअनुसार मानिसमा चारवटा क्षमताहरू हुन्छन् जसले उसका सबै कामहरू उत्पन्न गराउँदछन् । ती चारमध्ये शक्तिशाली तीनवटाले उसको आत्मिक (रूहानी) रुचिको विरुद्धमा काम गर्दछन् । बाँकी एकमात्र अर्थात् फरीश्ताको क्षमताले चाहिँ मानिसलाई खुदातर्फ धकेल्छ र खुदाका आज्ञाहरू पालन गर्न उसलाई सहायता गर्दछ । अर्कोतर्फ, अन्य तीन क्षमताहरूको संयुक्त सामर्थ्य पनि हुन्छ जसका असरहरूले मानिसलाई एकैपटकमा आनन्दित र उत्साहित बनाइदिन्छन् । त्यसकारण, मानिसको मनले बाहिरको कुरामात्र देख्दछ । उसले वर्तमानका कुराहरूको मात्र वास्ता गर्दछ, सांसारिक कुराहरूलाई बढी ध्यान दिन्छ र (रूहुल कुद्दुस) पवित्र आत्मा तथा खुदाका कुराहरूमा ध्यान दिँदैन । एकजना प्रख्यात मुस्लिमले यो विषयलाई यसरी व्याख्या गरे:

म चार कुराहरूमा फँसेको छु जसको अधीनता नै मेरो सजाय र कष्टको कारण हो । ती चार कुराहरू यी हुन्: शैतान, संसार, लालसा र लोभ । म यीबाट कसरी (नजात) मुक्त हुँला जबकि यी सबै मेरा (शत्रु)

दुश्मनहरू हुन् ? दुष्ट चाहनाहरूले मलाई मुग्ध पार्दछन् र मलाई आनन्द तथा मोजमस्तीको अँध्यारो (दोजक) खाँदभित्र फालिदिन्छन् ।

ती अरबी दर्शनशास्त्रीका अनुसार, ती तीन क्षमताहरूले फरीश्ताको क्षमतालाई उछिने र आदमले त्यही गरे जुन खुदाले तिनलाई नगर्नू भन्नुभएको थियो । त्यसको परिणामचाहिँ तिनका वंशहरूले अहिलेसम्म पनि प्रष्टरूपमा भोगिरहेका छन् । हदीसका अनुसारः

अबु हुरैराका अनुसार खुदाका रसूलले यसो भनेः खुदाले आदमको सृष्टि गर्नुहुँदा उहाँले तिनको ढाडमा हिर्काउनुभयो र तिनको ढाडबाट ती सबै मानिसहरू खसे जसलाई उहाँले तिनका वंशहरूबाट (बौरिउठाइ) कयामतको दिनसम्म सृष्टि गरिरहनुभएको थियो । अनि उहाँले हरेक मानिसका आँखाको सामु एउटा (ज्योति) नूर राखिदिनुभयो । पछि गएर, उहाँले तिनीहरूलाई आदमकहाँ ल्याउनुभयो । आदमले भनेः हे मेरा रब, यी को हुन् ? उहाँले जवाफ दिनुभयोः तिनीहरू तिम्रा वंशहरू हुन् । अनि तिनीहरूका माझमा तिनले एकजना मानिसलाई देखे जसका आँखाका बीचको ज्योतिले तिनलाई छक्कै पारिदियो । तिनले भनेः हे मेरा रब, तपाईंले यो जीवनलाई कति लामो समयसम्म तोक्नुभएको छ ? उहाँले जवाफ दिनुभयोः साठी वर्ष । आदमले भनेः हे मेरा रब, त्यसलाई मेरो जीवनबाट चालीस वर्ष बढाइदिनुहोस् । खुदाका रसूलले भनेः तिनै चालीस वर्ष छोडेर आदमको जीवन पूरा हुँदा मृत्युका फरिश्ता तिनीकहाँ आए । अनि आदमले भनेः के मेरो जीवनका अझै चालीस वर्ष बाँकी छैनन् र ? ति फरिश्ताले जवाफ दिएः तिमीले ती वर्षहरू आफ्ना छोरा दाऊदलाई दिएनौ र? त्यसपछि आदमले आफूले भनेका यस कुरालाई ईन्कार गरे र तिनका सन्तानहरूले ईन्कार गरेका छन्, अनि आदमले बिर्सिएर त्यो रूखको फल खाए र तिनका सन्तानले बिर्सिएका छन् । अनि आदमले (पाप) गुनाह गरे र तिनका सन्तानले (पाप) गुनाह गरेका छन् (तिर्मिज़ी) ।

यो हदीसबाट यो कुरा प्रष्ट हुन्छ कि आदमका सबै सन्तान निश्चित रूपमा (पापी) गुनाहगार छन् किनभने आदमको गुनाह सबैमा पसेको छ । त्यसैअनुरूप, पवित्र (पाक) जनहरू र धार्मिक अगुवाहरूले आफ्ना गुनाहहरू

कबुल (स्वीकार) गरेका छन् । यसरी पहिलो नबी आदम र हव्वा भन्दछन्:

दुवैले भने - "हे हाम्रा पालनकर्ता ! हामीले आफूमाथि अत्यचार गऱ्यौं । अब यदि तिमीले हामीलाई क्षमा प्रदान गरेनौ र हामीमाथि दया गरेनौ भने निश्चय नै हामी बरबाद हुनेछौं ।" (सूरह अल्-अअ्राफ ७:२३)

«قَالاَ رَبَّنَا ظَلَمْنَا أَنفُسَنَا وَإِنْ لَمْ تَغْفِرْ لَنَا
وَتَرْحَمْنَا لَنَكُونَنَّ مِنَ الْخَاسِرِينَ»

(الأعراف ٧: ٢٣)

त्यसै गरी, नबी ईब्राहीम भन्दछन्: "हे हाम्रा रब ! हिसाबकिताबको दिन मलाई, मेरा मातापिता र सम्पूर्ण मोमिनहरूलाई क्षमा प्रदान गर ।" (सूरह इब्राहीम १४:४१)

«رَبَّنَا اغْفِرْ لِي وَلِوَالِدَيَّ وَلِلْمُؤْمِنِينَ يَوْمَ
يَقُومُ الْحِسَابُ»

(ابراهيم ١٤: ٤١)

इस्लामका नबी मुहमदले यो दुवा (प्रार्थना) गर्दछन्: "हे खुदा, हिउँको पानीले मेरा (अपराध) गुनाहहरू धुनुहोस् ।" (सहीह् बुखारी) ।

इस्लामका नबीका पहिलो खालिफा आबु बक्रले आफ्नो प्रख्यात (शाइरी) कवितामा यसो भन्दछन्:

"हे खुदा, मैले कसरी नजात (मुक्ति) पाउँला, किनकि ममा कुनै असलपन छैन ? (अपराध) गुनाहहरूले मलाई व्याकुल पारेका छन्, तर असलपनको चाहना गरिरहेको छु ।"

यी सबै प्रमाणको साथसाथै कुरआनको निम्नलिखित (पद) आयातले पनि सबै मानिसहरू (पापी) गुनाहगार हुन् भनेर भन्दछः -

"निश्चय नै मनुष्य आफ्ना पालनकर्ताप्रति कृतघ्न गरेहो छ। र, ऊ स्वयं यसको साक्षी हो।" (सूरह अल्-आ़दियात १००:६-७)

«إِنَّ ٱلْإِنْسَانَ لِرَبِّهِ لَكَنُودٌ وَإِنَّهُ عَلَى ذَلِكَ لَشَهِيدٌ»
(العاديات ١٠٠: ٦-٧)

यो सम्बन्धमा, निम्नलिखित विचारहरूले मलाई झस्क्याए: नबी ईसा मसीह मानिस पनि हुनुहुन्थ्यो। कुरआनले अन्य नबीहरूका गुनाहहरू पनि उल्लेख गर्दछ। तर किन कुरआनले ईसा मसीहको कुनै पनि गुनाह उल्लेख गर्दैन ? कुरआनले ईसा मसीहको वेगुनाहगार (निष्पाप) स्वभावमात्र उल्लेख गर्दछ भन्ने मैले भेट्टाएको कारण म ईन्जीलतर्फ फर्किएँ। त्यहाँ मैले निम्नलिखित पदहरू भेट्टाएँ:

***"तिनीहरूमध्ये कसले मलाई (पाप) गुनाहको दोष लाउन सक्छ ?"*** ( **यूहन्नाको ईन्जील ८:४६)**

***"किनकि हामी उहाँ (ईसा मसीह) मा खुदाको धार्मिकता बन्न सकौं भनेर गुनाह नचिन्नुहुनेलाई खुदाले हाम्रा खातिर (पाप) गुनाह बनाउनुभयो।"*** **(२ कोरिन्थी ५:२१)**

***"किनकि ईसा मसीह हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामी जस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि (पाप) गुनाह रहित हुनुहुन्थ्यो।"*** **(हिब्रू ४:१४)**

***"उहाँले कुनै (पाप) गुनाह गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।"*** **(१ पत्रूस २:२२)**

***"गुनाह (पाप) हरण गर्नलाई नै ईसा मसीह प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ। र ईसा मसीहमा कुनै (पाप) गुनाह छैन।"*** **(१ यूहन्ना ३:५)**

यसरी, नबी ईसा मसीहबाहेक सबै मानवजाति पापी (गुनाहगार) हुन् भन्ने कुरा प्रमाणित गर्ने बलियो प्रमाण छ। यी परिस्थितिहरूमा असल

कामहरूद्वारा मुक्ति (नजात) पाउन सक्ने हुँ भनी दाबी गर्ने म को थिएँ र, जबकि धेरैजना धर्मगुरूहरू, दर्शनशास्त्रीहरू र पवित्रजनहरू यो असम्भव बाटोमा हिँड्न असफल भएका थिए ?

फेरि, कामहरूद्वारा (मुक्ति) नजात पाइने सिद्धान्तसम्बन्धी कुरआनका शिक्षाहरू जाँच गर्न म कुरआनतिर फर्किएँ। म यहाँ दुईवटा पदहरू उद्धृत गर्नेछु जसले कुनै पनि मानव प्राणी दण्डाज्ञादेखि उम्कन सक्दैन चाहे उसको अवस्था जेसुकै होस् भन्ने कुरा प्रष्ट पार्दछन्।

"तिमीहरूमध्ये प्रत्येकले त्यसलाई पार गर्नुपर्छ। यो तिम्रा रबको अटल निर्णय हो। अनि हामी ईशभय राख्नेहरूलाई त बचाउनेछौं तर अत्यचारीहरूलाई चाहिँ घुँडा टेकेकै अवस्थामा छोडिदिनेछौं।" (सूरह मर्यम १९:७१-७२)

«وَإِنْ مِّنْكُمْ إِلاَّ وَارِدُهَا كَانَ عَلَى رَبِّكَ حَتْماً
مَّقْضِيًّا ثُمَّ نُنَجِّي ٱلَّذِينَ ٱتَّقَوْا وَّنَذَرُ ٱلظَّالِمِينَ
فِيهَا جِثِيًّا»

(مريم ١٩: ٧١-٧٢)

अर्को अनुवादले यसो भन्दछः "तिमीहरूमध्ये कोही पनि (जहन्नम) नरकका सीमाहरूदेखि उम्किनेछैन...."(एन.जे. दाऊद, कुरआन, पेन्गुइन बुक्स लिमिटेड, मिडलसेक्स, १९५९)। अझै अर्को अनुवादले यसो भन्दछः "त्यस (जहन्नम) नरकमा नओर्लिने तिमीहरूमध्ये कोही पनि छैन...." (जे.एम. रोडवेल, कुरआन, जे.एम. डेन्ट र सन्स, लन्डन, १९५०)।

मैले कुन प्रकारको डर र निराशासहित यी शब्दहरू पढें भन्ने कुरा मलाई मात्र थाहा छ। म (आत्मिक) रूहानी रोगीले एक डाक्टरसँग जाँच गराए जसरी कुरआन पढिरहेको थिएँ, ताकि त्यसले मेरो पापी स्वभावको उपचार मलाई प्रदान गर्न सकोस्। तर मलाई समाधान दिनुको विपरीत कुरआनले मलाई यसो भनिरहेको थियोः तिमीहरूमध्ये प्रत्येक अनन्त सजाय (जहन्नुन) मा जानेछ, किनकि यो तिम्रा रबको सिद्ध कर्त्तव्य हो।

तर इस्लाम विश्वास प्रतिको मेरो स्वाभाविक प्रेम र लगावले मलाई व्यक्तिगत निर्णय गर्नमा हतार गर्न दिएन । मलाई हदीसमा यो पदको बारेमा गरिएको टिप्पणी खोज्न उचित लाग्यो ताकि इस्लामका नबी स्वयंले यस विषयमा भनेका कुरा मैले बुझ्न सकूँ । लामो समयसम्म खोजी गरेपछि मैले सुन्नी हदीसको चर्चित किताब मिश्काटमा निम्नलिखित हदीस भेट्टाएँ:

इब्न मसुदका अनुसार इस्लामका नबीले यसो भनेका थिए: “सबै मानिसहरू नरक (जहन्नम) जानेछन् । त्यसपछि तिनीहरू आ-आफ्ना कामअनुसार त्यसबाट निस्किआउनेछन् । यसरी सर्वप्रथम निस्किआउनेहरू चट्याङको चमकजसरी, त्यसपछि निस्कनेहरूचाहिँ बतासको वेगजसरी, त्यसपछि पूर्ण गतिमा दौड्ने घोडाजसरी, त्यसपछि तेज घोडसवारजसरी, त्यसपछि उफ्रिने मानिसजसरी र अन्त्यमा मानिस हिँडेजसरी निस्किआउने छन् ।” (तिर्मिज़ी र दारमी) ।

अघिल्लो पदको अर्थ अब प्रष्ट भयो । सबैजना (जहन्नम) नरकमा पर्नेछन् र त्यसपछि आ-आफ्ना कामअनुसार निस्किआउनेछन् । कुरआनको अर्थ प्रष्ट थियो र त्यसलाई इस्लामका नबी मुहम्मद स्वयंकै भनाइले पुष्टि गऱ्यो । मैले त्यो खोजी त्यहीँनेर टुङ्ग्याउन सकेको भए हुन्थ्यो भन्ने मलाई लाग्यो, तर कुरआन स्वयंमा व्याख्या खोज्नु अझ उत्तम मैले ठानें । यसरी, लामो समयसम्म खोजी गरेपछि म यो पदमा आइपुगें:

“र तिम्रा पालनकर्ताले चाहेका भए सम्पूर्ण मानवलाई एउटै समूदाय बनाउने थिए । तर, अब तिनीहरू मतभेद नै गरिरहनेछन् । सिवाय ती व्यक्तिहरूको जसमाथि अल्लाह कृपा गर्छन र यसकै निम्ति उनले तिनीहरूलाई सृजना गरेका हुन् । र तिम्रा रबको यो वचन पूरा भएको छ कि म नरकलाई जिन्न तथा मानवले निश्चयनै भर्नेछु ।” (सूरह हूद ११: ११८, ११९)

«وَلَوْ شَاءَ رَبُّكَ لَجَعَلَ ٱلنَّاسَ أُمَّةً وَاحِدَةً
وَلاَ يَزَالُونَ مُخْتَلِفِينَ إِلاَّ مَنْ رَحِمَ رَبُّكَ
وَلِذَٰلِكَ خَلَقَهُمْ وَتَمَّتْ كَلِمَةُ رَبِّكَ لأَمْلأَنَّ
جَهَنَّمَ مِنَ ٱلْجِنَّةِ وَٱلنَّاسِ أَجْمَعِينَ»

(هود ١١: ١١٨-١١٩)

यो पद पढेपछि म यति चकित भएँ कि बिस्तारै कुरआन बन्द गरेर म गहिरो चिन्तामा डुबें । निद्रामा पनि मैले आराम पाइनँ, किनकि सपनामा समेत झस्काउने विचारहरूले मलाई सताए । मेरा पुर्खाहरूको (विश्वास) ईमानलाई त्याग्नु मेरो निम्ति अवर्णनीय रूपमा कठिन थियो, बरु म त आफ्नो ज्यान दिन बढी इच्छुक हुनेथिएँ । केही समयसम्म मैले उक्त समस्यालाई हटाउने कुनै विधि वा उम्किने कुनै बाटो सोच्ने प्रयास गरिरहें ताकि मैले इस्लाम धर्म छोड्नु नपरोस् । यही लक्ष्यका साथ मैले हदीसमा सहायता खोज्न थालें । यो सजिलो विषय थिएन, किनकि हदीसका छवटा ठूल्ठूला किताबहरू छन् । त्योभन्दा बढी, हदीसहरूको विज्ञानका सिद्धान्तहरूलाई हरेक हदीसमा लागू गर्नु त सबैभन्दा कठिन काम हो । तर यी कठिनाइहरू हुँदाहुँदै पनि, मैले खुदाको सहायताले आफ्नो काम पूरा गरेरै छोडें ।

हदीसका अनुसार, (नजात) मुक्तिका बाटोहरू तीनवटा छन् । पहिलो, कर्म र (मुक्ति) नजातबीच कुनै सम्बन्ध छँदै छैन । जीवनभरि खुदाका नियमहरू भङ्ग गरेको सबैभन्दा खराब पापी (गुनाहगार) मानिस जन्नत जान सक्दछ । साथै, सुकर्ममा जीवन बिताएको सबैभन्दा असल मानिस (नरक) जहन्नम जान सक्दछ । तल दिइएको हदीसले तिनीहरूको बारेमा बताउँदछः

हजरत अनासका अनुसार इस्लामका नबी मुहम्मद घोडामा सवार भइरहेका थिए र तिनलाई माधले पछ्याइरहेका थिए । 'खुदा केवल एक हुनुहुन्छ र महम्मद उहाँका रसूल हुन्' भनी ईमानदारीसाथ विश्वास गर्ने र यो कलिमा दोहोऱ्याउने जो कोही (दोजक) नरकको आगोमा कहिल्यै पनि नासिने छैन भनी ती इस्लामका नबीले तीनपटक भनेपछि माधले भने, हे खुदाका नबी, के मैले यो खबर घोषणा नगरूँ? ती नबीले जवाफ दिए, त्यसो भएमा तिनीहरूले केवल यस कुरामा विश्वास गर्नेछन् (मिश्काट) ।

यस विषयमा आबु धारद्वारा दिइएको एउटा हदीस छ जसका शब्दहरूले यो निष्कर्षमा पुऱ्याउँदछन् कि कर्मद्वारा मुक्ति पाइने धारणा अर्थहीन छ, किनकि मुस्लिम विश्वासको सारका शब्दहरू अर्थात कलिमा दोहोऱ्याएर मात्र पनि व्यभिचारीहरू र चोरहरूले पनि (मुक्ति) नजात पाउँदछन् । उक्त हदीस यस्तो छ :

आबु धारका अनुसारः "म नबीकहाँ गएँ र जो सेतो लुगा ओढेर सुतिरहेका थिए । तिनी उठेपछि म तिनीकहाँ गएँ । त्यसपछि तिनले भनेः 'अल्लाहमात्र खुदा हुनुहुन्छ भन्ने कलिमा दोहोर्‍याउने र त्यही कुरामाथि भरोसा गर्दै पछि गएर मर्ने खुदाको कुनै पनि दास जन्नत जानेछ' । मैले भनें, 'उसले व्यभिचार वा चोरी गरे तापनि ?' तिनले जवाफ दिए, 'उसले व्यभिचार र चोरी गरे तापनि' । मैले भनें, 'उसले व्यभिचार र चोरी गरे तापनि ?' तिनले जवाफ दिए, 'उसले व्यभिचार र चोरी गरे तापनि, र आबु धारकै साम्‌ गरे तापनि' ।" (सहीह़ मुस्लिम, सहीह़ बुखारी)

मैले अर्को हदीस भेट्टाएँ जसले कुनै बच्चालाई एक डालो चिनी दिएजसरी सान्त्वना दिन्छ र यस्तो प्रतिज्ञा गर्दछः कुनै मानिसले असल वा खराब कर्म गरे पनि, केही शब्दहरू दोहोर्‍याएर ऊ जन्नत जान सक्दछ । त्यो यस प्रकार छ :

उबादाह बिन समिटका अनुसार खुदाका नबीले यसो भनेः "अल्लाहमात्र खुदा हुनुहुन्छ र उहाँको कोही साझेदार छैन, अनि मुहम्मद उहाँका दास र उहाँका रसूल हुनुहुन्छ, अनि ईशा खुदाका दास र उहाँका रसूल र उहाँको कलामका पुत्र हुनुहुन्छ जसलाई उहाँले मर्यमभित्र राखिदिनुभयो र उहाँका (आत्मा) रूह दिनुभयो, अनि जन्नत र जहन्नम सत्य हुन्‌ भनी कबुल गर्ने जो कोहीलाई खुदाले जन्नत लानुहुनेछ चाहे उसका कामहरू जेसुकै होऊन्‌ !" (सहीह़ मुस्लिम, सहीह़ बुखारी) ।

पाठकले मनमा यो कुरा ख्याल राख्नुपर्दछ कि ईसाईहरूले असल कामहरू गर्नुपर्ने खाँचोलाई ईन्कार गर्दैनन्‌ । ईसाईहरूले त आफूहरू सदैव असल कामहरूमा व्यस्त हुनुपर्दछ भनी बुझेका हुन्छन्‌ । तैपनि तिनीहरूको (मुक्ति) नजात तिनीहरूका कर्ममाथि आधारित हुँदैन, किनकि कुनै पनि मानिसले उसबाट माग गरिनेभन्दा बढी गर्न सक्दैन । यसरी, कसैले पनि आफ्ना दुष्कर्महरूको प्रायश्चित गर्न सक्ने गरी पर्याप्त मात्रामा कर्महरू गर्न सक्दैन (लूकाको ईन्जील १७ः७-१०) ।

मैले यी हदीसहरू पढ्दा मेरो मनमा यो प्रश्न आयोः जीवनभरि दुष्ट

काम गर्ने र भलाइ त कहिल्यै पनि नसोच्ने व्यक्ति मरेपछि जन्नत जान्छ अनि जीवनभरि खुदाको भय मान्ने, आत्मसंयमी र असल कर्म गर्ने अर्को व्यक्ति मरेपछि (नरक) जहन्नम फालिनुपर्दछ भन्ने कुरा उचित हो र ?

दोस्रो, (मुक्ति) नजात त खुदाको कृपामाथि आधारित हुन्छ भनी ती हदीसहरूमा देखाइएको छ: यति साह्रै कि ती नबी मुहम्मद स्वयं पनि यो कृपा माग्ने मगन्ते हुन् । खुदाले कृपा नदेखाउनुभएमा ती नबी आफैले पनि कर्महरूद्वारा (मुक्ति) नजात पाउन सक्दैनन् । मिश्काटमा रहेको एउटा हदीसले यसो भन्दछ:

आबु हुरैराका अनुसार, इस्लामका नबीले यसो भने: तिमीहरूमध्ये कोही पनि असल कर्मद्वारा जन्नत जानेछैन । तिनीहरूले भने: तपाईं पनि, हे खुदाका रसूल ? तिनले जवाफ दिए, अहँ, खुदाले आफ्नो अनुग्रह र कृपाले मलाई नढाक्नुभए त म पनि जन्नत जानेछैन । त्यसकारण बलिया होऊ र बिहान र साँझ, होइन, हरेक क्षण सुकर्म गर्ने प्रयास गर ।"

साथै तल दिइएको हदीसलाई पनि हेर्नुहोस्:

जाबिरका अनुसार इस्लामका नबीले यसो भने: तिम्रा कुनै पनि असल कर्महरूले तिम्रो लागि जन्नत सुरक्षित गर्न सक्दैन, न त तिनले तिमीलाई (नरक) जहन्नममा पर्नदेखि बचाउन नै सक्दछन् -- खुदाको अनुग्रह भएन भने मलाई पनि त्यस्तै हुन्छ ।

यी हदीसहरूबाट मैले के बुझेँ भने खुदाको कृपा कुनै मानिसमाथि रहेन भने उसले (मुक्ति) नजात पाउन सक्दैन । यसले मलाई अलिकति सान्त्वना दियो, तर त्यति नै बेला मैले सोच्न थालेँ: खुदा कृपालु हुनुहुन्छ भने उहाँ धर्मी पनि हुनुहुन्छ । यदि खुदाले आफ्नो कृपा देखाएर मात्र क्षमा दिनुहुने हो भने उहाँले आफ्नो न्याय र धार्मिकताका मागहरू बेवास्ता गर्नुहुनेथियो । उहाँको न्यायको यस्तो बेवास्ताले त खुदाको व्यक्तित्वमा नै खोट देखाउँदछ । निश्चय पनि यस्तो काम त खुदाको महिमाको अयोग्य हुनेथियो ।

यी हदीसहरूबाट मलाई प्रष्ट भएको तेस्रो कुरा के हो भने इस्लामका नबीले समेत कसैलाई पनि (उद्धार) नजात गर्न सक्दैनन्, तिनका छोरी

फातिमा वा तिनका नातेदारहरूलाई समेत। त्यसैले, ती नबीले त विश्वासयोग्यहरूका निम्ति अन्तरबिन्ती गर्दछन् भन्ने विचार गलत साबित भयो, जुन अवश्य सही हो भन्ने मैले सोच्थें। एउटा हदीसले यसो भन्दछ:

आबु हुरैराका अनुसार, तिम्रा नजिकका नातेदारहरूलाई भय मान्ने बनाओ भन्ने पद इस्लामका नबीलाई प्रकट गरिँदा, ती नबी उठे र घोषणा गर्न थाले: ए कुरैशका मानिसहरू हो र अब्दुल मनाफका छोराहरू र अब्दुल मुतालिबका पुत्र अब्बास र तपाईं मेरी काकी साफिया, मैले (बौरिउठाइ) कयामतको दिनको सजायदेखि तपाईंहरूलाई बचाउन सक्दिनँ। आफ्नो ख्याल आफैले राख्नुहोस्, ए मेरी छोरी फातिमा, तिमीले मेरो धनसम्पत्ति त चलाउन सक्छौ, तर मैले तिमीलाई खुदादेखि बचाउन भने सक्दिनँ। आफ्नो ख्याल आफैले राख्नू।" (सहीह़ बुखारी)

त्यसैले हदीसहरूको लामो र गहन अध्ययनपछि थप खोजी गर्ने विषय नै बाँकी रहेन। ठूलो त्रास र निराशामा मैले हदीसका किताबहरू बन्द गरें र खुदासित (प्रार्थना) दुवा गरें:

"हे खुदा, मेरा सृष्टिकर्त्ता र मेरा रब, मेरो हृदयका रहस्यहरू मैले भन्दा बढी तपाईं जान्नुहुन्छ। तपाईंको साँचो धर्म कति अगाडिदेखि म खोज्दैछु भन्ने तपाईं जान्नुहुन्छ। मैले सकेसम्म मेरो खोजी जारी राखेको छु। त्यसकारण अब तपाईंको ज्ञान र तपाईंको (मुक्ति) नजातको ढोका मलाई खोलिदिनुहोस्। मलाई तपाईंका जनहरूको साथमा लगिदिनुहोस् जो तपाईंलाई औधी मन पर्दछन्, ताकि तपाईंको महिमित उपस्थितिमा प्रवेश गर्दा म उचालिन र सन्तुष्ट हुन सकूँ। आमिन्।"

यो मनको व्याकुलता र निराशाको अवस्थामा मैले आफ्ना खोजीहरूमा भएका हुन सक्ने कुनै पनि त्रुटिहरूलाई सुधार्ने विचारले फेरि (पवित्र) पाक ईन्जील पढ्न थालें। यसपटक पाक ईन्जील खोल्दा मेरा आँखा यो कलाममा परे:

***"हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरू हो, मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिनेछु।"*** **(मत्तीको ईन्जील ११:२८)**

मत्तीको ईन्जीलको यो खण्डमा म कसरी पुगें भनी म भन्न सक्दिनँ । मैले जानाजानी यसको खोजी गरेको थिइनँ । अर्कोतर्फ, यो कुनै संयोगको घटना थिएन । यो त मेरो कडा मेहनत र ईमानदारी खोजीप्रति खुदाले दिनुभएको जवाफ थियो । मजस्तो (पापी) गुनाहगारको निम्ति, त्यो त वास्तवमा ईन्जीलको सर्वोच्च घोषणा नै थियो । यो जीवनदायी पदले ममा विशाल प्रभाव पाऱ्यो । यसले मलाई शान्ति, सान्त्वना र आनन्द दियो अनि तुरुन्तै मेरो हृदयदेखि सबै असजिलोपन र अनिश्चितता हटाइदियो । ईसा मसीह दावी गर्नुहुन्छः म तिमीहरूलाई विश्राम दिनेछु । नजात (मुक्ति) कसरी उहाँमाथि निर्भर हुन्छ भनी उहाँ देखाउनुहुन्छ । उहाँले आफूभन्दा माथि वा टाढा रहेको कुनै बाटोमात्र देखाउनुहुन्न, तर यसो भन्नुहुन्छः ***"बाटो, सत्यता र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन ।"*** **(यूहन्नाको ईन्जील १४:६)**

तैपनि, मेरो मनमा यो प्रश्न आयोः के कोही ईसा मसीहको यो असाधारण दावीमा विश्वस्त हुन सक्दछ ? यसमाथि भरोसा गर्न सकिन्थ्यो भनी मैले निष्कर्ष निकालें, किनकि सर्वप्रथम मुस्लिमहरूले ईसा मसीहलाई निष्पाप, यो र आउने संसारमा महिमित, खुदाको कलाम र खुदाका रूह हुनुहुन्छ भनी कबुल गर्दछन् । ईसा मसीहसँग सम्बन्धित यी र अन्य विवरणहरूले सिद्धतालाई जनाउँदछन् । दोस्रो कुरा, ईसाईहरूका अनुसार, उहाँ सिद्ध खुदा र सिद्ध मानिस हुनुहुन्छ, सम्पूर्ण लालसा र सांसारिक महत्वाकांक्षादेखि मुक्त हुनुहुन्छ । यसरी, मुस्लिम तथा ईसाई दुवैका अनुसार सर्वोच्च गुणहरू धारण गर्नुहुने ईसा मसीहले गुनाह गर्नु वा उहाँको निम्ति (अयोग्य) हराम हुने कुनै पनि कुरा गर्नु असम्भव हुन्छ ।

त्यसपछि, ईसा मसीहले कसरी (मुक्ति) नजात दिने प्रतिज्ञा गर्नुभयो भनी मैले सोचविचार गर्न थालें । मनलाई शान्ति दिनको निम्ति, मैले पाक ईन्जीलभरि खोजी गर्न थालें र म यो पदमा आइपुगेंः

***"जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो ।"*** **(मत्तिको ईन्जील २०:२८)**

यो पद पढेपछि, खुदाले कसरी (मुक्ति) नजात दिनुहुन्छ भनी मैले पत्ता लगाएँ । ईसा मसीहले हामी (पापी) गुनाहगारहरूको निम्ति उहाँले आफ्नो ज्यान दिनुभयो । यो एउटा आश्चर्यजनक तरिका हो जसको कुनै नक्कल संसारले देखाउन सक्दैन । अनेकौं मानिसहरूले यो संसारमा धर्महरू सुरु गरेका छन्, तर तिनीहरूको मृत्युले (पाप) गुनाहहरूको क्षमादान दिलाउनेछ भनी तिनीहरूमध्ये कोहीले पनि दावी गरेको छैन । केवल ईसा मसीहले यो दावी गर्नुमात्र भएन, तर त्यसलाई पूरा पनि गर्नुभयो ।

यस्तो सोचेपछि म आनन्दले भरिएँ । खुदावन्द ईसा मसीह र उहाँले मानिसप्रति देखाउनुभएको प्रेमको चित्रणले मेरो हृदयमा अमिट छाप पारिदियो । तर म यो आनन्दमा डुबिरहँदा मेरो मनमा अर्को प्रश्न आयो: ईसा मसीहको बलिदान (कुर्बानी) र प्रायश्चित किन आवश्यक पर्‍यो त ? के उहाँले आफ्नो जीवन अर्पण नगरीकन नै (मुक्ति) नजात दिन सक्नुहुन्नथ्यो ? अझै केही विचार गरेपछि, मैले यसको पनि जवाफ भेट्टाएँ: खुदा कृपालु र धर्मी दुवै हुनुहुन्छ । यदि ईसा मसीहले आफ्नो जीवन अर्पण नगरीकन नै (नजात) मुक्ति दिने प्रतिज्ञा गर्नुभएको भए, कृपाका मागहरू त अवश्य नै पूरा हुनेथिए । तर न्यायका पनि मागहरू पूरा गर्नको निम्ति ईसा मसीहले छुटकाराको मोल तिर्नुभयो -- उहाँको अमूल्य रगत । यसरी खुदाले हामीप्रतिको उहाँको प्रेम प्रकट गर्नुभएको छ ।

***"प्रेम यसैमा छ, कि हामीले खुदालाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा (पाप) गुनाहको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र ईसा मसीह पठाउनुभयो ।"*** **(१ यूहन्ना ४:१०)**

मैले नयाँ (अहदनामा) करारमा मेरो खोजी जारी राखें र सुरुदेखि अन्त्यसम्म धेरैपटक पढें । मैले सयौं पदहरू र धेरैवटा दृष्टान्तहरू भेट्टाएँ जसले निसन्देह मलाई यो कुरा प्रमाणित गरिदिए कि मुक्ति -- धर्मको मुख्य चुरो र उद्देश्य -- खुदावन्द ईसा मसीहमाथि विश्वास गरेरमात्र पाउन सकिन्छ । यो कुरालाई प्रमाणित गर्न म यहाँ एउटा खण्ड उद्दरण गर्दछु:

***"अब हामी जान्दछौं, जे जति (शरीअत) व्यवस्थाले भन्छ, (व्यवस्था) शरीअत मुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चुप रहोस्, र सारा संसार खुदाको अघि जवाफदेही होस् । यसैकारण (शरीअत) व्यवस्थाको कर्मले कोही प्राणी उहाँको नजरमा धर्मी ठहरिनेछैन, किनकि (व्यवस्था) शरीअतद्वारा नै गुनाहको चेतना हुन्छ । तर अब त (शरीअत) व्यवस्थाविनै खुदाबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही (व्यवस्था) शरीअत र नबीहरूले दिएका छन् । ईसा मसीहमा ईमान ल्याउने सबैमाथि खुदाको धार्मिकता ईमानद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले गुनाह गरेका छन्, र खुदाको महिमासम्म पुग्नबाट चुकेका छन् । खुदाका अनुग्रहको वरदानले ईसा मसीहमा भएको (उद्धार) नजातबाट तिनीहरू सित्तैँमा धर्मी ठहरिएका छन् । खुदाले ईसा मसीहलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान (कुर्बानी) स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित ईमानद्वारा ग्रहण गर्नुपर्दछ । यो काम खुदाले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको खुदाई धैर्यमा अगाडिका (पाप) गुनाहहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन ।"*** (रोमी ३:१९-२५)

## निर्णय र घोषणा

मैले व्याख्या गरेका खोजीहरू पूरा गरेपछि म यो निष्कर्षमा आइपुगें कि म ईसाई बन्न चाहन्छु । यी परिस्थितिहरूमा यो सबै विषयवस्तु समाजको सामु प्रस्तुत गर्नु आदरको योग्य हुन्छ भन्ने मलाई लाग्यो ताकि तिनीहरूले यसलाई सोचविचार गरून् र मैले गुप्तमा खोजीहरू गरेको कुनै पनि आरोपदेखि म मुक्त हुन सकूँ ।

म सदाझैं सभामा गएँ । फेरि मुन्शी मन्सुर मसीहको बोल्ने पालो थियो । उहाँले सुरु गर्नुभन्दा पहिला, यसपटक म आफै इस्लामको विरुद्धमा बोल्न चाहन्छु भन्दै मैले बाधा हालें । त्यसपछि मैले वर्षौंसम्म गरेको अनुसन्धानका परिणामहरू व्याख्या गरें । उक्त समाजका अधिकारीहरू मेरो कुरा सुनेर अचम्भित भए तर मैले आफ्नै भाषणलाई खण्डन गर्ने थिएँ भन्ने आशामा तिनीहरूले सान्त्वना लिए । मैले बोलिसकेर आफ्नो कुर्सीमा बसेपछि सहअध्यक्षले भने, अध्यक्षले आफ्नै अनुचित भाषणको आफैले

खण्डन गर्नुहुनेछ भनी हामी आशा गर्दछौं । मैले फेरि उठेर भनेंः सुन्नुहोस्, मेरा मित्रहरू । मैले तपाईंहरूलाई व्याख्या गरेको कुरा कुनै सतही र बनावटी कुरा होइन । यो त निश्चित र निर्णायक कुरा हो जुन वर्षौंसम्मको अनुसन्धानमा आधारित छ । अझ बढी निर्दिष्ट हुनको लागि, यो कुरा त्यही दिनमा सुरु भयो जुन दिनमा मुन्शी मन्सुर मसीहले हामीलाई (मुक्ति) नजातको विषयमा सम्बोधन गर्नुभयो । त्यस बेला, अब उसो मैले पहिला जसरी होइन तर सत्य खोज्नेले जसरी पवित्र बाइबल पढ्नेथिएँ भनी मैले खुदासित प्रतिज्ञा गरें, ताकि सत्यता र धार्मिकताको मार्ग मलाई प्रकट गरियोस् । त्यसैअनुरूप, पूर्वाग्रह र दर्शनशास्त्रीय विवेचनालाई एकातिर पन्छाएर मैले अभेष्टा, सत्यार्थ प्रकाश, बाइबल र कुरआनलाई तुलना गरें । अनि ईसा मसीहमा मात्र मुक्ति पाइन्छ भन्ने निष्कर्षमा म पुगें । मेरो भन्नु यति नै हो । मेरो अनुसन्धानमा कुनै त्रुटि छ भने तपाईं महोदयहरूमध्ये कोहीले त्यो मलाई देखाइदिनुभए म आभारी हुनेथिएँ । अर्कोतर्फ, मैले यी तर्कहरूको खण्डन गरूँ भन्ने तपाईं चाहनुहुन्छ भने म तपाईंलाई खुल्ला रूपमा भन्दछु कि म तिनको जवाफ दिन सक्दिनँ, न त अरू कसैबाट जवाफको आशा राख्न नै सकिन्छ ।

म त्यो सभाबाट बाहिरिएँ, किनकि म त्यहाँ लामो समयसम्म रहनु बुद्धिमानी हुनेथिएन । मुन्शी मन्सुर मसीह तुरुन्तै मेरो पछि लाग्नुभयो । मलाई भेट्टाउनुभएपछि उहाँले मलाई अङ्गालो हाल्नुभयो र कामेको आवाजमा यसो भन्दै खुसीको आँसु बगाउन थाल्नुभयो, आज राती तपाईं मेरो घर आउनुपर्दछ । तपाईं आफ्नो कोठामा रातभरि एक्लै बस्नु सुरक्षित हुँदैन । मेरो संस्थाका अधिकारीहरू शिक्षित महोदयहरू हुनुहुन्थ्यो र मैले उहाँहरूबाट केही डर मान्नुपर्दैनथ्यो भनी मैले जवाफ दिएँ । मैले थपें, वास्तवमा हामी त अरूबाट पो डराउनुपर्दछ । म बिहान सबेरै तपाईंको घरमा आउनेछु । म त्यति बेलासम्म त्यहाँ आइनँ भने तपाईं मेरो डेरामा आउन सक्नुहुन्छ ।

यो चाँजो मिलाएपछि हामी अलग भयौं । मआफ्नो कोठामा गएँ, भित्रबाट चुकुल लगाएँ र बत्ती निभाएँ । अनि बसेर म सोचाइमा डुबें । त्यस रातका डरलाग्दा सोचाइहरू र आत्मिक संघर्षलाई म कहिल्यै पनि बिर्सनेछैनँ । त्यो त निर्णय गर्नुपर्ने रात, सबैभन्दा कडा जाँचको रात थियो । कतिपटक, मलाई यस्तो सोचाइ आयो कि, म ईसाई बनें भने मैले मेरो देश, मेरो पैतृक

सम्पत्ति, मेरा अधिकारहरू, मेरो परिवार, मेरा साथीहरू -- छोटकरीमा, सबै कुरा गुमाउनेथिएँ। अर्को विचारले पनि मलाई झस्क्यायो कि ईसाई बन्नुको अर्थचाहिँ यस्तो संसारमा प्रवेश गर्नु हो जहाँका व्यवहारहरू र सबै कुरा मेरो निम्ति भिन्दै हुनेथिए। त्यो रात निदाउन त असम्भव नै भयो।

अन्त्यमा, मैले आफैलाई भनेँः सुल्तान, तँ यस जमानाको होस् र संसार क्षणिक छ भनी विचार गर। तँ मर्दाखेरि तेरो देश र पैतृक सम्पत्तिले तँलाई केही फाइदा हुनेछैन, न त तेरो परिवार र साथीहरू नै तेरो निम्ति कुनै सहायता हुनेछन्। यी सबै त यस संसारका हुन्। केवल तेरो (विश्वास) ईमान नै कब्रभन्दा अगाडि जान सक्दछ। त्यसकारण यो क्षणिक जीवनको निम्ति अनन्त जीवन र (रूहानी) आत्मिक आनन्दलाई त्याग्नु बुद्धिमानी होइन। तब मैले खुदाको सामु घुँडा टेकेँ र यो दुवा चढाएँः

हे, सर्वशक्तिमान्, अनन्त खुदा, हृदय जाँच्नुहुने पिता, म आफैलाई तपाईंको हातमा सुम्पन्छु। यो भेटी ग्रहण गर्नुहोस् र दुष्टका सबै पासोहरू तथा (आत्मिक) रूहानी खतराहरूदेखि मलाई रक्षा गर्नुहोस्। मेरो हृदयबाट संसार र यसका अभिलाषाहरू हटाइदिनुहोस्। सबै मानिसहरूका सामु तपाईंका एकमात्र पुत्र ईसा मसीहलाई सार्वजनिक रूपमा घोषणा गर्न सक्ने साहस र सामर्थ्य मलाई प्रदान गर्नुहोस्। ईसा मसीहको निम्ति मेरो प्रार्थना सुन्नुहोस् र ग्रहण गर्नुहोस्। आमिन्।

यो दुवा गरिसकेपछि म अलिअलि झुलेँ र केहीबेर निदाएँ। बिउँझिँदा म पूर्णरूपमा खुसी र आनन्दित भएँ। पहिलाको चिन्ता र असहजताको कुनै पनि छायाँले मलाई सताएन।

उज्यालो हुन लागेको थियो। म तुरुन्तै हातमुख धोएर मुंशी मन्सुर मसीहको घरतिर लागेँ। त्यहाँ पुग्दा उहाँले म नआएकोमा अति चिन्ता गर्नुभएको मैले भेट्टाएँ। मैले त्यति बेला चिया पिउथेँ भनी उहाँ जान्नुहुन्थ्यो र उहाँले मेरो निम्ति चिया तयार पारिसक्नुभएको थियो। चिया पिइसकेपछि हामीले केही बेर कुरा गर्‍यौं र प्रार्थनामा बस्यौं। प्रार्थना गरिसकेपछि हामी पादरी (पाष्टर) लेडगियर्डको घर गयौं।

हामी छिट्टै आएकोमा पादरी छक्क परे। म बप्तिस्मा लिन आएको थिएँ भनी मुन्शी मन्सुर मसीहले उहाँलाई बताए। सुरुमा, हामी अति उत्सुक

थिएनौं भन्ने उहाँले सोच्नुभयो । तर अघिल्लो राती भएको कुरा सुन्नुभएपछि उहाँ तुरुन्तै उठ्नुभयो र यसो भन्दै मलाई अङ्गालो हाल्नुभयो: गम्भीररूपमा बाइबल पढ्यौ भने तिमी निश्चय ईसाई बन्नेथियौ भन्ने म जान्दथेँ । तिमी विश्वस्त भएकोमा खुदालाई धन्यवाद होस् । त्यसपछि उहाँले मलाई तीन दिनपछि बप्तिस्मा दिने प्रतिज्ञा गर्नुभयो र त्यस अवधिमा दश आज्ञाहरू, प्रेरितहरूको विश्वासको सार र खुदावन्दको प्रार्थना कण्ठ पार्न मलाई सल्लाह दिनुभयो । उहाँले मलाई मुस्लिमहरूको माझमा नबस्न पनि सल्लाह दिनुभयो । या त उहाँको साथमा या मुन्शी मन्सुर मसीहको साथमा बस्न उहाँले निम्तो दिनुहुँदा मैले मसीहकै साथमा बस्ने निर्णय गरेँ ।

आइतबारको दिनमा पूरै चर्च मुस्लिमहरूले भरियो । खतरा देखेर पादरी लेडगियर्डले मेरो बप्तिस्माको कार्यक्रम पछि सार्नुभयो । अन्त्यमा, खुदाको अनुग्रह र कृपाले, मैले मुम्बइको सेन्ट पावलको चर्चमा सन् १९०३, अगष्ट ६ तारिखको दिनमा बप्तिस्मा लिएँ । मैले यी व्यक्तिहरूको उपस्थितिमा बप्तिस्मा लिएँ: पादरी लेडगियर्ड, जसले मलाई बप्तिस्मा दिनुभयो, मुन्शी मन्सुर मसीह र अन्य दुई महोदयहरू जसका नाउँ म अहिले सम्झन सक्दिनँ । त्यो कार्यक्रमलगत्तै मलाई कानपुर पठाइयो, किनकि मुम्बइमा रहिरहनु मेरो लागि खतरापूर्ण थियो ।

ईसाई बनेपछि मेरो जीवनमा आश्चर्यजनक परिवर्तन आयो । मेरो बोली, कामहरू र जीवनका सबै व्यवहार यति परिवर्तन भए कि एक वर्षपछि म छोटो समयको लागि बम्बइ जाँदा मेरा मुस्लिम साथीहरू छक्कै परे । मेरो नम्रता देखेर तिनीहरू चकित भए, किनकि म कति छिट्टै रिसाउँदथे भनी तिनीहरू जान्दथे ।

ईसाई बन्नुभन्दा अगाडि मैले गुनाहलाई गुनाह भनी चिन्दथेँ तर अहिले जसरी मैले त्यो कति खतरनाक र विनाशकारी शक्ति हो भनी महसुस गर्दैनथेँ । अझै पनि म एक कमजोर र एक मुठी माटोमात्र हुँ अनि गुनाह गर्दाखेरि म कति लाज र दु:खले भरिन्छु भनी म व्याख्या गर्न सक्दिनँ । तुरुन्तै, म घोप्टो पर्दछु अनि आँसु झार्दै म पश्चात्ताप गर्दछु र क्षमादानको याचना गर्दछु । यो व्यवहार त खुदावन्द ईसा मसीहको प्रायश्चितपूर्ण बलिदानलाई (स्वीकार) कबुल गरेरमात्र हासिल गर्न सकिन्छ । (तौवा) पश्चात्ताप गरेर मात्र गुनाहलाई हटाउन सकिँदैन । यसलाई त हाम्रा

उद्धारकर्त्ताको पवित्र रगतले धुनुपर्दछ। गुनाहकै कारणले गर्दा संसार दिनहुँ विनाशको झन्झन् नजिक पुगिरहेको छ।

शैतान त्यसको सारा सामर्थ्यसहित मेरो विरुद्धमा लडाइँ गर्न आए तापनि म अलिकति पनि डग्मगाउनेछैन किनभने ईसा मसीहले त्यसको शिर कुच्याउनुभएको छ भनी म विश्वास गर्दछु। ईसा मसीहका विश्वासयोग्य सेवकहरूलाई शैतानले हानि पुऱ्याउन सक्दैन, न त त्यसले तिनीहरूलाई जित्न नै सक्दछ। जन्नत र पृथ्वीका सृष्टिकर्त्ता, हृदय जाँच्नुहुने खुदाले मुस्लिम दाजुभाइका हृदय मेरो जसरी परिवर्तन गरिदिऊन् र तिनीहरूलाई दर्शन दिऊन् ताकि तिनीहरूले पनि (आखिरत) न्यायको दिनको स्मरण गर्दै आफ्नो तीव्र आत्मिक खाँचो महसुस गरून् र खुदावन्द ईसा मसीहको बगालमा सामेल होऊन्।

मेरा प्रिय मुस्लिम दाजुभाइहरू,

म तपाईंको आत्मिक शुभचिन्तक,

- सुल्तान मुहम्मद पावल

## सवालहरू

प्रिय पाठक मित्र, तपाईंले यो गवाही पढ्नुभएको छ भने किन यी प्रश्नहरूको जवाफ दिने प्रयास नगर्ने ?

१. मानिसको भ्रष्टता के हो र यसले आफूलाई मानवजातिमा कसरी प्रकट गर्दछ ?

२. सुल्तान मुहम्मद पावलको सामु आएको आधारभूत समस्या के थियो ?

३. सुल्तान मुहम्मद पावलको निम्न प्रश्नप्रति अंग्रेज प्रचारकले दिएका जवाफ लेख्नुहोस्: 'मैले किन बाइबल पढ्नुपर्ने ? तपाईंहरूले वर्षैपिच्छे परिवर्तन गर्नुहुने यस्तो किताब कसले पढ्ला र ?'

४. इस्लाममा भएको (मुक्ति) नजातको विषयमा मुंशी मन्सुर मसीहको चुनौतीलाई जवाफ दिएपछि सुल्तान मुहम्मद पावलले कस्तो महसुस गर्नुभयो?

५. मुंशी मन्सुर मसीहका वचनले सुल्तान महम्मद पावलको प्राणमा हलचल ल्याएपछि तिनले कुन अर्थमा बाइबल अध्ययन गर्ने निर्णय गर्नुभयो?

६. कुरआन, बाइबल, अभेष्टा र सत्यार्थ प्रकाशलाई तुलना गर्न थालेपछि

सुल्तान मुहम्मद पावलले कुन कुराको खोजी गर्न थाल्नुभयो ?

७. कुरआनमा (३२:१९; ९९:७,८) मानिस र मुक्तिको विषयमा सुल्तान मुहम्मद पावलले के पत्ता लगाउनुभयो ?

८. सुल्तान मुहम्मद पावलले कुरआनको अध्ययन गर्दा आदम, ईब्राहीम, इस्लामका नबी, खालिफा अबु बक्र र सम्पूर्ण मानवजातिको विषयमा के सिक्नुभयो र यी सबै मानिसहरूभन्दा ईसा मसीह कसरी भिन्दै हुनुहुन्छ भनी थाहा पाउनुभयो ?

९. ईसा मसीहको (बेगुनाहगार) निष्पापी स्वभावलाई घोषणा गर्ने नयाँ (अहदनामा) करारका पाँचवटा खण्डहरू पूरै लेख्नुहोस् जुन सुल्तान मुहम्मद पावलले भेट्टाउनुभएको थियो। तपाईंको जवाफमा सन्दर्भहरू समावेश गर्नुहोस्।

१०. सुल्तान मुहम्मद पावलले निम्नलिखित खण्डबाट सिक्नुभएका दुई आधारभूत सिद्धान्तहरूलाई केही वाक्यमा सारांशित गर्नुहोस्: कुरआन १९:७१,७२ र मिश्काटमा रहेको यसको टिप्पणी र कुरआन ११:११८,११९।

११. हदीसहरूका अनुसार (मुक्ति) नजातको विषयमा सुल्तान मुहम्मद पावलले पत्ता लगाउनुभएका तीन कुराहरू छोटकरीमा लेख्नुहोस्। यो अनुसन्धानपछि उहाँको मन कस्तो भयो ?

१२. हदीसहरूमा अनुसन्धान गरेपछि सुल्तान मुहम्मद पावलले मत्तीको ईन्जीलमा भेट्टाउनुभएको पद लेख्नुहोस्। यसले उहाँमाथि के असर पार्‍यो ?

१३. यूहन्नाको ईन्जील १४:६ उद्दरण गर्नुहोस् र यसको महत्वलाई व्याख्या गर्नुहोस्।

१४. सुल्तान मुहम्मद पावलले निष्कर्ष निकाल्नुभएका दुई कुराहरू केके हुन् जसले ईसा मसीहको असाधारण दावीलाई समर्थन गर्दछन् ?

१५. मत्तीको ईन्जील २०:२८ उद्दरण गर्नुहोस् र खुदाले कसरी (नजात) मुक्ति दिनुहुन्छ भनी व्याख्या गर्नुहोस्।

१६. सुल्तान मुहम्मद पावलले आफ्नो यो प्रश्नको के जवाफ पाउनुभयो: ईसा मसीहको (कुर्बानी) बलिदान र प्रायश्चित (तौबा) किन आवश्यक पर्‍यो त ? के उहाँले आफ्नो जीवन अर्पण नगरीकन नै मुक्ति दिन सक्नुहुन्नथ्यो ?

१७. खुदाले हामीप्रतिको उहाँको प्रेम कसरी प्रकट गर्नुभएको छ भनी व्याख्या गर्ने नयाँ (करार) अहदनामाको पद उद्दरण गर्नुहोस्।

१८. धर्मको मुख्य चुरो र उद्देश्य के हो अनि कुन माध्यमद्वारा यो उपलब्ध हुन्छ ? यसको जवाफलाई पुष्टि गर्ने रोमीको पत्रको खण्ड उद्दरण गर्नुहोस् ।

१९. सुल्तान मुहम्मद पावल अन्तिमपटक आफ्नो संस्थालाई सम्बोधन गरेपछि आफ्नो कोठाभित्र बस्नुभयो । उहाँले आफैलाई भन्नुभएका शब्दहरू साथसाथै उहाँले घुँडा टेकेर खुदालाई चढाउनुभएको प्रार्थना (दुवा) पनि उद्दरण गर्नुहोस् ।

२०. सुल्तान मुहम्मद पावलले आफ्नो जीवन ईसा मसीहलाई सुम्पिएपछि उहाँका मुस्लिम साथीहरूले उहाँको जीवनमा केके परिवर्तनहरू देखे ?

**प्रिय मित्र, यदि तपाईंले हामीलाई पत्राचार गर्न चाहनुहुन्छ भने, हामी तपाईंलाई अन्य किताबहरु सित्तैंमा पठाउन तयार छौं, ताकि तपाईंले ईसा अल मसीह र उहाँको (पाक) पवित्र जीवनलाई अझ राम्रोसँग जान्न सक्नुहोस् ।**

अधिक जानकारीको लागि सम्पर्क ठेगाना :


**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

मो.नं. ९८०८०८३५२०

e-mail :khudakakalam@gmail.com